# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको

## विशेष साधारण सभाको काम कार्यवाहीको विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**

सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०५/१४ गते बसेको सञ्चालक समितिको २४६औं बैठकको **निर्णय नं. १ र ३ को** निर्णय बमोजिम कम्पनी ऐन २०६३ (संशोधन सहित २०७६) दफा ६७ (१) को (ख) र संस्थाको नियमावलीको नियम १८ (१) को (ख) बमोजिम बोलाइएको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री महेश कुमार पोखरेलज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी तपशिलका विषयहरु उपर छलफल तथा निर्णयहरु भयो ।

**२. विशेष साधारण सभा बसेको मिति, स्थान र समय :**

सभा हुने मिति : २०८२/०६/०४ गते शनिबार (तद्अनुसार २० सेप्टेम्बर, २०२५) ।
स्थान : SKY LUXE HOTEL, इटहरी-१, सुनसरी ।
समय : बिहान ११ : ०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ (संशोधन सहित २०७६) दफा ६७ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार विशेष साधारण सभाको सूचना शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८२ भाद्र १५ गते प्रथम पटक र मिति २०८२ भाद्र २० गते दोश्रो पटक आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४. सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) विशेष प्रस्तावहरु :**

(१) यस वित्तीय संस्थाको हाल कायम रहेको जारी पुँजीको ७० प्रतिशत संस्थापक सेयरधनी समूहको र ३० प्रतिशत सर्वसाधारण सेयरधनी समूहको सेयर स्वामित्व रहेकोमा संस्थापक सेयरधनीको पुँजीको संरचना परिवर्तन गरी संस्थापक समूहको सेयर स्वामित्व ६० प्रतिशत र सर्वसाधारण समूहको सेयर स्वामित्व ४० प्रतिशत हुने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(२) यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरवदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पेश गर्ने ।

**(ख) विविध :**

कम्पनी सचिव

अध्यक्ष

